## सूचना ४

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका का. मु. सचिव श्री भक्तबहादुर कोइराला संघीय गणतन्त्र जर्मनी तथा संयुक्त राज्य अमेरिकाको भ्रमणमा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री श्यामप्रसाद अधिकारीलाई मिति २०४५।६।९ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ५

स्वास्थ्य मन्त्रालयका का. मु. सचिव श्री वासुदेव प्रधान नयाँ दिल्लीमा हुने औलोसम्बन्धी उच्चस्तरीय बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री विहारीकृष्ण श्रेष्ठलाई मिति २०४५।६।११ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ६

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री मधुसूदन ढकाल कोलम्बो योजना परिषद्को बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका अतिरिक्त सचिव श्री पृथुनरसिंह राणालाई मिति २०४५।६।११ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

२४०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।